# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone : 4258174
4266034
4255707
AG Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं नेपाल
Babar Mahal, Kathmandu, Nepal


## प्रेस विज्ञप्ती

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ भाद्र ६ गते, मंगलबार ।

माननीय महालेखा परीक्षकको अध्यक्षतामा लेखापरीक्षण सल्लाहकार समितिको नवौं बैठक सम्पन्न भएको छ । उक्त बैठकमा वार्षिक लेखापरीक्षण योजना, स्थानीय तहको लेखापरीक्षण, महालेखा परीक्षकको ६ वर्षे कार्ययोजना कार्यान्वयन, लेखापरीक्षण नियमावली तथा सेवा सञ्चालन नियमावली, संगठनात्मक व्यवस्था र कार्यप्रणाली र दीगो विकास लक्ष्य कार्यान्वयन सम्बन्धी लेखापरीक्षणका विषयमा छलफल भयो ।

छलफलको क्रममा देशको संघीय ढाँचा अनुरुप महालेखा परीक्षकको कार्यालयको संगठनात्मक संरचना र कार्यप्रणालीमा परिवर्तन गर्नुपर्ने, लेखापरीक्षण ऐन, कानूनको परिमार्जन गर्नुपर्ने, लेखापरीक्षणको गुणस्तरमा अभिवृद्धि गर्नुपर्ने, कार्यमूलक लेखापरीक्षणमा जोड दिनुपर्ने, सार्वजनिक कोषको उपयोगको अवस्थालाई आम नागरिकमा सु-सुचित गराउन आवश्यक व्यवस्था गर्नुपर्ने विपयहरुमा सुझाव प्राप्त भयो ।

सोही अवसरमा सल्लाहकारहरुबाट लेखापरीक्षण योजना समयानुकुल बनाउने, आन्तरिक लेखापरीक्षण प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक सल्लाह सुझाव दिनुपर्ने, स्थानीय तहलाई शुरुवातको चरण देखि नै नियमनमा राख्न विस्तृत रुपमा लेखापरीक्षण गर्नुपर्ने, लेखापरीक्षण जनशक्तिको कार्यसम्पादनमा थप विज्ञता ल्याउन क्षमता विकासमा ध्यान दिनुपर्ने, लेखापरीक्षण गर्न बाह्य जनशक्ति परिचालन गर्दा तालिम अभिमुखिकरणमा जोड दिनुपर्ने, लेखापरीक्षण प्रतिवेदन प्रणाली समयानुकुल सुधार गर्नुपर्ने, जनशक्तिलाई स्वतन्त्र तथा उच्च मनोवलयुक्त तुल्याउनुपर्ने विषयमा सुझाव प्राप्त भयो ।

अशोक कुमार कार्की
निर्देशक/सहायक-प्रवक्ता